# स्थानीय सरकार
# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०८/२८ )

रामग्राम नगरकार्यपालिकाको कार्यालयलाई देहायको संख्या र योग्यता भएका कर्मचारीहरुको आवश्यकता रहेकोले यस कार्यालयको मिति २०८१/०८/२३ गतेको निर्णयानुसार यस कार्यालयमा साविकमा (गत/ विगतमा) *गरिब घर परिवार पहिचान कार्यक्रम* अन्तर्गत सुपरीवेक्षक वा गणक पदमा नियुक्ती पाई कार्य गरेका देहायका योग्यता भएका अनुभवि इच्छुक व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले ७ औं ( सातौं ) दिन भित्र कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | १५/२०८१-८२ | गुनासो सुन्ने अधिकारी | २ जना | रा.प. अनं. प्रथम | गरिब घर परिवार पहिचान कार्यक्रम अन्तर्गतको कार्यहरु गर्नुपर्ने |

१. आवश्यक न्यूनतम योग्यता :
मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १०+ २ वा प्रवीणता प्रमाणपत्र तह उर्त्तीण गरेको

२. आवेदन साथ संलग्न कागजातहरु : शैक्षिक योग्यताको प्रतिलिपी (न्यूनतम/ माथिल्लो), नागरिकताको प्रतिलिपी, अनुभव खुल्ने कागजातको प्रतिलिपी, ३ प्रति पासपोर्ट साइजको फोटो, समकक्षता खुलाउनु पर्ने भए सो खुल्ने आवश्यक कागजातहरु

परीक्षाको किसिम : अन्तरवार्ता

परीक्षा दस्तुर : रु. ५०० ( पाँच सय मात्र )

कार्य अवधि : २ महिना

नि० प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# स्थानीय सरकार
# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०८/२८ )

रामग्राम नगरकार्यपालिकाको कार्यालयलाई देहायको संख्या र योग्यता भएका कर्मचारीहरु सेवा करारमा लिन आवश्यक रहेकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं ( पन्धौं ) दिन भित्र दिनको २ : ०० बजे सम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | १२/२०८१-८२ | जिल्ला कार्यक्रम संयोजक (छैठौं तह) | १ जना | अधिकृतस्तर छैठौं तह | |
| २ | १३/ २०८१-८२ | नगरप्रहरी | ३ जना | श्रेणीविहिन | |
| २ | १४/ २०८१-८२ | महिला नगर प्रहरी | १ जना | श्रेणीविहिन | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :

**जिल्ला कार्यक्रम संयोजक (छैठौं तह)**

- मान्यताप्राप्त शिक्षण संस्थाबाट मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा ५ वर्षको अनुभव भएको, कम्तिमा २ वर्ष अधिकृत स्तरमा रहि कार्यानुभव भएको ।
- स्थानीय तह तथा प्रदेश सरकारसँग निकटतम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।
- प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।
- कम्प्यूटर सम्बन्धि ज्ञानका साथै MS Office (word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.) सहजरुपमा चलाउन सक्ने । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको ।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न र प्रतिवेदन तयार गर्न सक्ने ।
- उमेर - १८ वर्ष देखि ५० वर्ष सम्म

**नगर प्रहरी**

१८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । (महिलाको हकमा ४० वर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको ,कम्तीमा ८ कक्षा उत्तिर्ण भएको ,पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के.जी. हुनुपर्ने (महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्ने) ,कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको भनी सम्वन्धित जिल्ला प्रहरी कार्यालयबाट जारी प्रमाणपत्र , शारीरिक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएका चिकित्सकवाट सही छाप गरी प्रमाणित गरिएको निरोगीताको प्रमाणपत्र ।

**महिला नगर प्रहरी**

१८ वर्ष पूरा भई ४० वर्ष ननाघेको , अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ कर्ष ननाघेको ,कम्तीमा ८ कक्षा उत्तिर्ण भएको ,शरीरको उचाई घटीमा ५ फिट र बजन घटीमा ४५ के.जी. हुनुपर्ने,कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको भनी सम्वन्धित जिल्ला प्रहरी कार्यालयबाट जारी प्रमाणपत्र ,शारीरिक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने भनी N.M.C. मा दर्ता भएका चिकित्सकवाट सही छाप गरी प्रमाणित गरिएको निरोगीताको प्रमाणपत्र,

स्थानीय बासिन्दालाई प्राथमिकता दिइने ।

नि. प्रमुख प्रशासकीय अधिकृत

२. **आवेदन साथ संलग्न कागजातहरु** : शैक्षिक योग्यताको प्रतिलिपी (न्यूनतम ⁄ माथिल्लो), नागरिकताको प्रतिलिपी, अनुभव खुल्ने कागजातको प्रतिलिपी, ३ प्रति पासपोर्ट साइजको फोटो, समकक्षता खुलाउनु पर्ने भए सो खुल्ने आवश्यक कागजातहरु

३. **दरखास्त दिने स्थान** : रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

४. **दरखास्त दिने अन्तिम मिति : २०८१/०९/१२** गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ, आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय समयमा बुझाउन सकिने छ ।

५. **आवेदन दस्तुर : वि.नं. १२/२०८१-८२ को लागि रु. १०००।- , वि.नं. १३/२०८१-८२ र वि.नं. १४/२०८१-८२ को लागि रु. ३०० ।-**

६. **छनौटको किसिम:**

**क. जिल्ला कार्यक्रम संयोजक पदको लागि**

प्रथम चरण - प्रारम्भिक सूचीकरण

द्वीतीय चरण - प्रयोगात्मक परीक्षा र अन्तरवार्ता

( उम्मेद्वारहरुले पेश गरेको कागजातको आधारमा शैक्षिक योग्यता, अनुभव, स्थानीय ⁄ गैर स्थानीयका आधारमा अंक प्रदान गरि माग पद संख्याको ४ गुना संख्यामा प्रारम्भिक सूची प्रकाशन गरिनेछ, , प्रारम्भिक सूचीमा सूचीकृत उम्मेद्वारहरु प्रयोगात्मक परीक्षा र अन्तरवार्तामा समावेश हुन पाउनेछन । यस सम्बन्धी विस्तृत जानकारीको लागि नगरपालिकाको वेभसाइट www.ramgrammun.gov.np मा गई राजपत्रमा रहेको ***रामग्राम नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि ( पहिलो संशोधन), २०७५*** अध्ययन गर्नुहुन अनुरोध छ । )

**ख : नगर प्रहरी र महिला नगर प्रहरीको लागि**

स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता

**यस सम्बन्धी विस्तृत जानकारीको लागि नगरपालिकाको वेभसाइट www.ramgrammun.gov.np मा गई राजपत्रमा रहेको *रामग्राम नगरपालिकामा नगर प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८* अध्ययन गर्नुहुन जानकारी गराइन्छ )**

७. **पारिश्रमिक तथा सेवा सुविधा :** सेवा करार सम्झौता बमोजिम हुनेछ ।

८. **परीक्षा मिति** : पछि प्रकाशन गरिनेछ ।

९. **कार्य अवधि :** हाललाई २०८२ असार मसान्तसम्म ।

१०. **आवेदन फारम** : कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराईने छ साथै यस कार्यालयको वेभसाईट **www.ramgrammun.gov.np** बाट डाउनलोड समेत गर्न सकिनेछ ।

स्थानीय सरकार
रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

नि० प्रमुख प्रशासकीय अधिकृत

CamScanner